<u>निर्णयहरू</u>

**निर्णय नं. १**

मेलम्ची नगरपालिका वडा नं. ११ स्थित स्थायी पुनर्निर्माण तथा पुनर्वास समिति, मेलम्ची, सिन्धुपाल्चोकबाट जरायोटार एकिकृत बस्ती निर्माणको लागि निर्माण सामाग्री उपलब्ध गराइदिने ब्यवस्थाको लागि अनुरोध भई आएको हुँदा मेलम्ची नगरपालिका अन्तर्गत पर्ने ईन्द्रावती नदी क्षेत्रको उपयुक्त स्थानबाट निर्माण सामाग्री उत्खनन् गर्न अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं २**

मेलम्ची नगरपालिका अन्तर्गत रहेका तपशिल बमोजिमका विद्यालयहरूबाट विद्यालयको लागि आवश्यक पर्ने जग्गा खरिद गर्न बजेट माग भएको हुँदा उल्लेखित विद्यालयहरूको जग्गा खरिद गर्ने सम्बन्धमा सम्बन्धित वडाको आ.व. २०७५/७६ को योजनामा समावेश गर्न जानकारी गराउने निर्णय गरियो ।

<u>तपशिल</u>

१. श्री लोकतन्त्र आधारभूत विद्यालय, मेलम्ची न.पा. १०

२. श्री तीनकन्या आधारभुत विद्यालय, मेलम्ची न.पा. ८

३. श्री जनता माध्यामिक विद्यालय, मेलम्ची न.पा. ८

**निर्णय नं ३**

यस मेलम्ची नगरपालिका अन्तर्गतका विद्यालयहरूमा आवाज आर्ट क्रिएशन प्रा.लि., काठमाडौंबाट निर्माण गरिएको शैक्षिक चलचित्र प्रदर्शनीको लागि उल्लेखित संस्थाबाट बजेट माग भएको हुँदा उक्त कार्यक्रमलाई मेलम्ची नगरपालिकाको आगामी आ.व. २०७५/७६ को योजनामा समावेश गर्ने निर्णय गरियो ।

**निर्णय नं ४**

मेलम्ची नगरपालिका वडा नं. ८ निवासी श्री पदम लाल गिरीले पहिरो नियन्त्रणका लागि यस कार्यालयमा निवेदन पेश गर्नु भएको हुँदा उक्त पहिरो नियन्त्रण कार्यका लागि लागत इष्टिमेट तयार गरी पेश गर्न पूर्वाधार शाखालाई निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय नं ५**

मध्यमाञ्चल क्षेत्रीय खेलकुद विकास समितिको आयोजनामा मिति २०७५ जेष्ठ २० देखि २१ गतेसम्म काठमाडौंमा संचालन हुने ३ नं. प्रदेश स्तरीय राष्ट्रपति रनिङ्ग सिल्ड खेलकुद प्रतियोगितामा यस जिल्लाबाट सहभागी हुने खेलाडीहरूलाई आर्थिक सहयोग गर्न जिल्ला खेलकुद विकास समिति, सिन्धुपाल्चोकबाट निवेदन पेश भएको हुँदा उक्त खेलकुदमा सहभागी हुने खेलाडीहरूलाई जर्सी खरिद गर्न खेलकुद शिर्षकबाट रू. ५०,०००।- (अक्षरूपी पचास हजार रूपैयाँ मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं ६**

मेलम्ची नगरपालिका वडा नं. ६ स्थित नमूना युथ एक्टिभ ग्रुपबाट मिति २०७४ फाल्गुण २४ देखि २६ गतेसम्म संचालन गरिएको दोश्रो राष्ट्रिय खुल्ला पुरूष भलिबल प्रतियोगिता भएकोमा उक्त संस्थालाई खेलकुद शिर्षकबाट रू. ३,५०,०००।- (अक्षरूपी तीन लाख पचास हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं ७**

यस मेलम्ची नगरपालिका कार्यालयमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले हालसम्म पनि कानून अधिकृत खटाउँन नसकेको कारण कानून निर्माणसंग सम्बन्धित कार्यालयका विभिन्न कार्यहरू गर्न कठिनाई भएकोले हाललाई स्वीकृत दरवन्दीमा स्थायी पदपूर्ति भई नआएसम्मका लागि लिखित तथा अन्तर्वार्ताको माध्यमबाट सेवा करारमा कानून अधिकृत पदपूर्ति गर्ने निर्णय गरियो ।

**निर्णय नं ८**

यस मेलम्ची नगरपालिकालाई खुला दिशा मुक्त क्षेत्र घोषणा कार्यक्रम संचालन गर्नको लागि जिल्ला समन्वय समितिको कार्यालय, सिन्धुपाल्चोकबाट प्राप्त भएको बजेटमध्ये मेलम्ची नगरपालिका वडा नं. १ लाई रू. १,५०,०००।- (अक्षरपी एक लाख पचास हजार रूपैयाँ मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं ९**

मेलम्ची नगरपालिका वडा नं. ६ स्थित तालामाराङ खोला नियन्त्रण गर्नको लागि विपद् व्यवस्थापन शिर्षकबाट रू. १,००,०००।- (अक्षरूपी एक लाख रूपैयाँ मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं १०**

मेलम्ची नगरपालिका वडा नं. ६ स्थित बतासे माध्यामिक विद्यालयको भवनमा मिति २०७५।२।१० गतेको वर्षाको बाढीले क्षति पुऱ्याई कक्षा संचालन गर्न कठिनाई उत्पन्न भएको हुँदा उक्त विद्यालयको अस्थायी सिकाई केन्द्र (TLC) मर्मत तथा सरसफाई गर्नको लागि विपद् व्यवस्थापन शिर्षकबाट रू. ६८०००।- (अक्षरूपी अठ्सठी हजार रूपैयाँ मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं ११**

मेलम्ची नगरपालिका वडा नं. ११ स्थित श्री ईन्द्रेश्वरी माध्यामिक विद्यालयले प्राविधिक संकाय तर्फ सिभिल इन्जिनियरिङ्ग विषयको कक्षा ११ संचालन अनुमतिका लागि च.नं. १८६ मिति २०७४।१२।४ को पत्रबाट सम्बन्धित विद्यालय व्यवस्थापन समितिको निर्णय, सम्बन्धित वडा कार्यालयको सिफारिस, शिक्षा विभाग (प्राविधिक तथा व्यवसायिक शिक्षा शाखा) को च.नं. १४ मिति २०७३।१।१६ को पत्रबाट प्राप्त भएको कक्षा ९ को प्राविधिक विषय संचालन अनुमित पत्र समेत संलग्न राखी यस कार्यालयमा निवेदन दिनु भएको हुँदा उक्त विषयको कक्षा संचालन अनुमतिका सम्बन्धमा सामाजिक विकास समितिबाट समेत सिफारिस भई आएको हुँदा उक्त विद्यालयमा प्राविधिक संकाय तर्फको कक्षा ११ संचालन अनुमतिका लागि सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं १२**

मेलम्ची नगरपालिका वडा नं. ६ मा आ.व. २०७४/७५ को नगर सभाबाट सार्की टोल खानेपानी योजनाको लागि विनियोजन भएको बजेट रू. ३,००,०००।- लाई कार्यालय भवन घेराबार र सोही वडाको विपद् व्यवस्थापन शिर्षकमा विनियोजन भएको बजेट रू. १,००,०००।- मध्ये रू. ५०,०००।- लाई वडा कार्यालय शौचालय निर्माणमा खर्च गर्ने गरी योजना शिर्षक परिवर्तनका लागि सम्बन्धित वडा कार्यालयबाट सिफारिस भई आएको हुँदा उल्लेखित योजनाहरू आगामी आ.व. २०७५/७६ को नगर सभाबाट अनुमोदन हुने गरी योजना शिर्षक परिवर्तन गर्ने निर्णय गरियो ।

**निर्णय नं १३**

मेलम्ची नगरपालिका वडा नं. १ मा जिल्ला समन्वय समितिबाट ODF कार्यक्रम संचालनको लागि प्राप्त भएको बजेट रू. १,५०,०००।- लाई सोही वडाको भोटेचौर बजारमा सार्वजनिक शौचालय निर्माण शिर्षकमा योजना परिवर्तनका लागि सम्बन्धित वडा कार्यालयबाट सिफारिस भई आएको हुँदा उल्लेखित योजना आगामी आ.व. २०७५/७६ को नगर सभाबाट अनुमोदन हुने गरी परिवर्तन गर्ने निर्णय गरियो ।

**निर्णय नं १४**

मेलम्ची नगरपालिका अन्तर्गत संचालित देहाय बमोजिमका सडकहरूमा वर्षात्को समयमा यातायात संचालन गर्न कठिनाई देखिने हुँदा कन्टेन्जेन्सीबाट प्राप्त भएको रकमबाट खर्च गर्ने गरी उक्त सडकहरू मर्मत संभार गर्ने निर्णय गरियो ।

तपशलि

(१) नगर चक्रपथ (महभिर-ठाँटी) सडक

(२) जिरो-हैबुङ्ग सडक मेलम्ची न.पा. २

(३) हैबुङ्ग-वडा कार्यालय मेलम्ची न.पा. ३

(४) पिप्ले ओख्रेनी सडक मेलम्ची न.पा. ४

(५) घर्तिका चौर धुसेनी सडक, मेलम्ची न.पा. ५

(६) तालामाराङ-कोलेचौर-मानेभन्ज्याङ्ग सडक, मेलम्ची न.पा. ६

(७) फट्टे-धार्ना - दुवाचौर सडक, मेलम्ची न.पा. ७

(८) दाउचेत - क्यौरेनी सडक, मेलम्ची न.पा. ८

(९) मेलम्ची-गोल्माथान सडक, मेलम्ची न.पा. ९

(१०) टाकुरे-मेलम्ची-काफ्लेखोला सडक, मेलम्ची न.पा. १०

(११) मेलम्ची टार-धुसेनी सडक, मेलम्ची न.पा. ११

(१२) बाहुनेपाटी-थाक्ले सडक, मेलम्ची न.पा. १२

(१३) भञ्ज्याङ्ग-ठाँटी-फट्केश्वर सडक, मेलम्ची न.पा. १३

**निर्णय नं १५**

मेलम्ची नगरपालिकाको आ.व. २०७५/७६ को नगर सभा सम्पन्न गर्नको लागि देहाय अनुसारको कार्यतालिका तयार गरी सोही बमोजिम कार्य गर्ने निर्णय गरियो ।

तपशिल

(१) २०७५ जेष्ठ २१ गते नगरपालिकाका सबै वडाहरूबाट प्राथमिकता सहित योजना पेश गर्ने ।

(२) २०७५ जेष्ठ २३ गते श्रोत निर्धारण समितिको वैठक ।

(३) २०७५ जेष्ठ २४ गते विषयगत समितिहरूको वैठक ।

(४) २०७५ जेष्ठ २५ गते बजेट तथा योजना समितिको तयारी वैठक ।

(५) २०७५ जेष्ठ २८ गते नगर कार्यपालिका वैठक ।

(६) २०७५ आषाढ ३ गते नीति तथा कार्यक्रम सार्वजनिकिकरण ।

**निर्णय नं १६**

स्थानीय सरकार संचालन ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरी देहाय बमोजिमको कार्यविधि पारित गर्ने निर्णय गरियो ।

<u>तपशिल</u>

१. मेलम्ची नगरपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि, २०७५

**निर्णय नं १७**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ घ (१), घ (२), घ (६) समेतमा भएको व्यवस्था तथा मेलम्ची नगरपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि, २०७५, प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन र विगत आ.व.को ठेक्का अभ्यास समेतलाई आधार मानी आ.व. २०७५/७६ मा यस मेलम्ची नगरपालिका क्षेत्र भित्र ढुंगा, गिटी, बालुवाको उत्पादन, विक्री तथा निकासी शुल्क संकलन, सडक मर्मत संभार शुल्क संकलन र सवारी प्रवेश शुल्क संकलन गर्नको लागि देहाय बमोजिमको परिमाण, दर र अंङ्कमा आन्तरिक आय संकलन ठेक्काको सूचना प्रकाशित गर्न राजस्व परामर्श समितिको मिति २०७५।२।१७ गतेको वैठकको निर्णयबाट सिफारिस भई आएको हुँदा सिफारिस भएको परिमाण, दर तथा अङ्कलाई स्वीकृत गरी सूचना प्रकाशन गर्ने निर्णय गरियो ।